संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -५०
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल भदौ १२ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ०१:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा माननीय हरि ढकालले गौरा पर्वको कार्यक्रमको अवसरमा टुँडिखेलमा उपस्थित भएका युवाहरुले प्रधानमन्त्री विरुद्ध नाराबाजी गरेको आरोपमा पक्राउ परेकाहरुलाई रिहा गर्नुपर्ने, राज्यले जनताका विरोधका बोलि सुन्नुपर्ने लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० विना लामा
२. मा० विराजभक्त श्रेष्ठ
३. मा० वीना जैसवाल
४. मा० श्याम कुमार घिमिरे
५. मा० शान्ति वि.क.
६. मा० शिव नेपाली
७. मा० शिशिर खनाल
८. मा० शेरबहादुर कुँवर
९. मा० शोभा ज्ञवाली
१०. मा० सन्तोष चालिसे
११. मा० सपना राजभण्डारी
१२. मा० सराज अहमद फारुकी
१३. मा० सरिता भुसाल
१४. मा० डा० स्वर्णिम वाग्ले
१५. मा० सान्ती चौधरी
१६. मा० सिता मिजार
१७. मा० सुदन किराती
१८. मा० सुमना श्रेष्ठ
१९. मा० सुरेन्द्रराज आचार्य
२०. मा० सुशिला सिर्पाली ठकुरी
२१. मा० सूर्यप्रसाद ढकाल
२२. मा० सूर्यमान तामाङ (दोङ)
२३. मा० सोबिता गौतम
२४. मा० संजय कुमार गौतम
२५. मा० हर्कमाया विश्वकर्मा
२६. मा० हितबहादुर तामाङ
२७. मा० हितराज पाण्डे
२८. मा० हेमराज राई
२९. मा० हृदयराम थानी
३०. मा० ज्ञानु बस्नेत सुवेदी
३१. मा० ज्ञानेन्द्र बहादुर कार्की

तदुपरान्त विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० अर्जुन नरसिंह के.सी.
२. मा० योगेश कुमार भट्टराई
३. मा० रणेन्द्र बराली
४. मा० डा० चन्दा कार्की (भण्डारी)
५. मा० ध्रुवबहादुर प्रधान
६. मा० सुशीला श्रेष्ठ
७. मा० अनिता देवी
८. मा० राजकिशोर यादव
९. मा० रामप्रकाश चौधरी
१०. मा० रन्जिता श्रेष्ठ
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० दिनेश प्रसाद यादव
१३. मा० जुली कुमारी महतो (महासेठ)
१४. मा० देवप्रसाद तिमलसेना

यसैविच माननीय योगेश कुमार भट्टराईले बोल्ने क्रममा "हिंसा" भन्ने शब्द प्रयोग गर्नुभएपछि माननीय माधव सापकोटाले नियमापत्ति गर्न खोज्नुहुँदा सम्माननीय सभामखुले त्यस विषयतर्फ ध्यान आकृष्ट भएको भन्नु हुँदै माननीय योगेश कुमार भट्टराईलाई आफ्नो भनाई टुङग्याउन समय दिनु भएपछि नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र) का माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडी उभिएर विरोध जनाएपछि सम्माननीय सभामुखले माननीय देवेन्द्र पौडेललाई समय दिनुहुँदा उहाँले नेपालको संविधानले कुनैपनि आन्दोलनहरुलाई हिंसात्मक आन्दोलन नभनेकोले माननीय सदस्यले प्रयोग गर्नुभएको उक्त शब्द रेकर्डबाट हटाउन माग गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले वक्ताले प्रयोग गर्नु भएका विचारमाथी माननीय सदस्यहरुले आफ्ना विचारहरुबाट समर्थन वा विरोध गर्न सक्नु हुन्छ भन्नुहुँदै हिंसा भन्ने शब्द कसरी प्रयोग भएको छ भन्ने सम्बन्धमा संसदीय मर्यादामा रहेर बहस हुनसक्ने तर्फ माननीय सदस्यहरुको ध्यानाकर्षण गराउनु हुँदै माननीय योगश कुमार भट्टराईलाई आफ्नो भनाई अन्त्य गर्न समय दिनुभयो । त्यसपछि माननीय हितराज पाण्डेले नियमापत्ति गर्नुहुँदै सभामा प्रयोग भइरहेको भाषा संसदीय मर्यादा अनुकुल नभएको साथै पूर्ववक्ता माननीयले प्रयोग गर्नु भएको "हिंसा" शब्दलाई रेकर्डबाट हटाउन अनुरोध गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले “हिंसा” शब्दको बारेमा र सभामा उक्त शब्द प्रयोग भएको सम्बन्धमा अध्ययन गरी पेशगर्न सचिवालयलाई निर्देश गर्नुहुँदै माननीय योगेश कुमार भट्टराईलाई आफ्नो भनाई अन्त्य गर्न समय दिनुहुँदा यो हाम्रो राजनीतिक प्रतिवद्धता हो यसमा छानविन हुँदैन भन्नु भएपछि नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र) का माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनु भएपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्हरुसमेत आ-आफ्नो स्थानमा उभिनु भयो । त्यसपछि सम्माननीय सभामुखले माननीय रघुजी पन्तलाई समय दिनुहुँदा उहाँले असंसदीय शब्दहरुको सम्बन्धमा संसदका पूर्व महासचिव जीवनलाल सत्यालले “संसद भित्र” भन्ने पुस्तक प्रकाशन गर्नुभएको छ र त्यस पुस्तकमा “हिंसा” भन्ने शब्द नरहेको भन्नुहुँदै हिंसा भन्ने शब्दलाई असंसदीय भन्न नमिल्ने भन्नुभयो । त्यसपछि पनि माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिई नै रहनु भएपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुलाई आशन ग्रहण गर्न अनुरोध गर्नुहुँदै माननीय हितराज पाण्डेलाई समय दिनुहुँदा उहाँले नियमावलीको नियम २६ को उपनियम (४) तर्फ ध्यानाकर्षण गराउनु हुँदै उक्त नियममा बैठकमा उठाइएको नियमापत्तिको निर्णय सभामुखले गर्नेछ र सो निर्णय अन्तिम हुनेछ भन्ने व्यवस्था रहेको तर उक्त नियम अनुसार सभा नचलेकोले उक्त नियम अनुसार सभा सञ्चालन होस भन्नु भयो । त्यसपछि सम्माननीय सभामुखले उक्त नियम अनुसार अन्तिम निर्देशन गरिसकेको स्मरण गराउनु हुँदै माननीय सदस्यहरुलाई आशन ग्रहण गर्न अनुरोध गर्नुहुँदै विशेष समयका अर्का वक्ता माननीय रणेन्द्र बरालीलाई समय दिनुभएपछि सदन सुचारु रह्यो ।

तत्पश्चात् माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्” भनी प्रस्तुत गर्नु भएको प्रस्तावमाथीको छलफलको क्रममा निम्नलिखित माननीय सदस्यहरुले राख्नु भएको प्रश्नको माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जवाफ दिनु भयो:-

१. मा० राजेन्द्र कुमार के.सी.
२. मा० देवेन्द्र पौडेल
३. मा० जुली कुमारी महतो
४. मा० डा० स्वर्णिम वाग्ले
५. मा० बासुदेव घिमिरे
६. मा० रोसन कार्की
७. मा० विराज भक्त श्रेष्ठ
८. मा० दामोदर पौडेल वैरागी
९. मा० सुमना श्रेष्ठ
१०. मा० प्रतिमा गौतम
११. मा० माधव सापकोटा
१२. मा० मनिष झा
१३. मा० कुसुम देवी थापा
१४. मा० सोबिता गौतम
१५. मा० नागिना यादव
१६. मा० दयाल बहादुर शाही
१७. मा० नारायणी शर्मा
१८. मा० अच्यूत प्रसाद मैनाली
१९. मा० प्रेम सुवाल

त्यसपछि माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्” भनी प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१” माथी प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले विधेयक शाखा (प्रतिनिधि सभा) संघिय संसद सचिवालय सिहंदरवारमा दिन सक्नु हुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात् प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ७२ बमोजिम ध्यानाकर्षण प्रस्तावका प्रस्तावक मा० डा० तोसिमा कार्कीले “हैजा महामारीका कारण निम्तिन सक्ने स्वास्थ्य संकटकालको पूर्वानुमान, नियन्त्रण र द्रुत प्रतिकार्यलाई प्रभावकारी बनाउनु पर्ने” भन्ने सम्बन्धी सार्वजनिक महत्वको विषयमाथि मन्तव्य सहित माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीको ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदिप पौडेलले उक्त ध्यानाकर्षणको सम्बन्धमा जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफको सम्बन्धमा माननीय डा० चन्दा कार्की (भण्डारी) र माननीय सोविता गौतमले राख्नु भएको स्पष्टिकरणको सम्बन्धमा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदिप पौडेलले स्पष्ट पार्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल भदौ १३ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी बैठक साँझको ०६:३० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव